आज मिति २०७२ साल वैशाख २१ गते सोमवार यस स्वशासन अध्ययन प्रतिष्ठानको वयालिसौं बैठक प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री वीरेन्द्र बहादुर देउजाको अध्यक्षतामा बसी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**उपस्थिति**

कार्यकारी अध्यक्ष– श्री वीरेन्द्र बहादुर देउजा (उपस्थित)
निवर्तमान अध्यक्ष– श्री खेमराज नेपाल (उ)
उपाध्यक्ष– श्री बंशीधर घिमिरे (उ)
कोषाध्यक्ष– श्री सूर्यशरण रेग्मी (उ)
सदस्य– श्री पद्मा मोहनी माथेमा (अनु)
सदस्य– श्री रबिन्द्र नाथ अधिकारी (अनु)
सदस्य– श्री बालप्रसाद श्रेष्ठ (अनु)
सदस्य– श्री कृष्णा कार्की (अनु)
सचिव/निर्देशक– श्री विनोदप्रसाद ढकाल (उ)

**आमन्त्रित**

श्री चन्द्रमणि अधिकारी (अनु)
श्री ईन्द्रप्रसाद कार्की (अनु)
श्री उद्धव तिमल्सेना (अनु)
श्री कृष्णप्रसाद जैसी (उ)
श्री कृष्णप्रसाद सापकोटा
श्री शान्तकुमार प्रधान (उ)
श्री रमेशचन्द्र पौडेल (अनु)
श्री विदुर मैनाली (उ)
श्री खगप्रसाद नेपाल (अनु)
श्री खोमदत्त बराल (उ)
श्री डिल्लिप्रकाश घिमिरे (अनु)
श्री दामोदर अधिकारी (अनु)
श्री दिनेशकुमार थपलिया (अनु)
श्री ज्ञानी सिंह के.सी (अनु)
श्री पुरुषोत्तम नेपाल (अनु)
श्री महेशप्रसाद दाहाल (अनु)
श्री राजेन्द्रमान श्रेष्ठ (अनु)
श्री रामकृष्ण भुर्तेल (अनु)
श्री रामबाबु पन्त (अनु)
श्री मनोज कुमार खड्का (अनु)
श्री सुरेन्द्रनाथ अर्याल (अनु)
श्री सिद्धराज पन्त (अनु)
श्री होमनाथ अधिकारी (अनु)
श्री दिवाकर न्यौपाने (अनु)
श्री नाम्सालिङ सहयोग मञ्च (अनु)
श्री नाम्सालिङ सामुदायिक विकास केन्द्र (अनु)
श्री महिलाको हात (अनु)

**निर्णयहरुः**

(१) यहि २०७२ साल बैशाख १२ गतेको विनासकारी महाभुकम्पमा परी ज्यान गुमाएका मानिसहरुको चिर शान्तिको कामना गर्ने, घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने र धन जनको क्षति भएका परिवारहरुप्रति हार्दिक सहानुभुति प्रकट गर्दै राष्ट्रिय शोकको यस घडिमा एकतावद्ध भै यस विपत्तिको सामना गर्न प्रतिष्ठानका सवै सदस्यहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

(२) उल्लिखित भुकम्पवाट पिडीत भएकाहरुको राहत र उद्धार कार्यमा सहयोग पुर्‍याउन प्रतिष्ठानको तर्फवाट प्रधानमन्त्री राहत कोषमा एकमुष्ठ रु ५१,००० (एकाउन्न हजार रुपिया) उपलब्ध गराउने निर्णय गरियो ।

(३) उल्लिखित भुकम्पवाट भएको क्षतिलाई आधार मानि उद्धार र पुर्ननिर्माण कार्यको लागि प्रतिष्ठानको नाममा एक प्रकोप उद्धार कोष स्थापना गर्ने । यस कोषमा प्रतिष्ठानका सबै सदस्यहरुले न्यूनतम् रु ५,००० (पाँच हजार रुपिया) र प्रतिष्ठानको तर्फवाट रु १५०,००० (एक लाख पचास हजार रुपिया) जम्मा गर्ने निर्णय गरियो ।

(४) निर्णय नं ३ अनुसार स्थापना भएको कोष वृद्धिका लागि वाह्य सहयोग समेत लिने र यस कोषको परिचालन गरी भुकम्पवाट भएको क्षतिको आधारमा एक जिल्लाको कुनै एक गाउँ/टोलमा उद्धार र पुर्ननिर्माण कार्य संचालन गर्न अवधारणा पत्र तयार गर्ने । यस्तो अवधारणाको मस्यौदा तयार गर्न निर्देशक श्री विनोदप्रसाद ढकाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

(५) यसै हप्ताको अन्तिम सम्ममा अर्को वैठक वसी अवधारणापत्रको आधारमा कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

(६) निर्णय नं ३ अनुसारको रकम तत्काल जम्मा गर्ने लगायत माथिका सबै निर्णयहरु कार्यान्वयनमा लागि पर्न प्रतिष्ठानका सबै सदस्यहरुलाई अनुरोध गर्दै आजको निर्णय प्रतिष्ठानका सबै सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो ।